बैठक संख्या: ०१

आज मिति २०८३ साल श्रावण ८ गते शुक्रबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको ११:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.) | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| राजस्व शाखा श्री मदन पौड्याल |
| का.स. श्री इन्दिरा ज्ञवाली |

**२०८३ श्रावण ८ गते शुक्रबार पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरुः**

१. एकिकृत शवदाहघाट संचालन सम्बन्धमा ।

२. लागत अनुमान अनुसार एक घर एक धाराको निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा ।

३. गत आ.व. को भुक्तानी बाँकी सम्बन्धमा ।

४. आगामी आ.व. को योजना तथा कार्यक्रम संचालन सम्बन्धमा ।

५. नीति तथा कार्यक्रम अनुसार भगिनी सम्बन्ध कायम र महास्नान कार्यक्रम संचालन सम्बन्धमा ।

६. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

७. ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।

८. घर अभिलेख तथा विमा कार्यक्रम संचालन सम्बन्धमा ।

९. बजेट व्यवस्था सम्बन्धमा ।

१०. झो.पु. मा आकर्षक लाइटीङ्ग सहित सौन्दर्यकरण गर्ने सम्बन्धमा ।

११. मन्दिरको प्राण प्रतिष्ठा सम्बन्धमा ।

१२. स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको बैठकका निर्णयहरुलाई स्वीकृत गर्ने सम्बन्धमा ।

१३. जिल्ला दररेट सम्बन्धमा ।

१४. विपद् व्यवस्थापन कोषबाट रकम भुक्तानी गर्ने सम्बन्धमा ।

१५.नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन गर्ने कार्यको आन्तरिक आयको बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।

१६. सार्वजनिक जग्गा व्यवस्थापन सम्बन्धमा ।

१७. नदीजन्य पदार्थको स्टक प्रमाणित गरिदिने सम्बन्धमा ।

१८. करार सेवामा कृषि अधिकृत पदपूर्ति गर्ने सम्बन्धमा ।

१९. कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा ।

## मिति २०८३ श्रावण ८ गतेको पहिलो गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | रुरुक्षेत्र-१ को रिडीमा एकिकृत ढंगले शवदाहको व्यवस्था गर्न शवदाह घाट निर्माण गरिएकोमा उक्त शवदाह स्थलमा ट्रस, खानेपानी लगायतका सुविधाहरु उपलब्ध गराउनु पर्ने भएकोले लागत अनुमान तयार गरी आवश्यक निर्माणका कार्यहरु गरी एकिकृत ढंगले उक्त शवदाह घाटबाट शवहरु जलाउने व्यवस्था गर्ने । |
| २. | चालु आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट अनुसार यस गाउँपालिकाका प्रत्येक घरधुरीहरुमा खानेपानीको सुविधा उपलब्ध गराइ गाउँपालिकालाई एक घर एक धारा घोषणा गर्ने कार्यक्रम अनुसार गाउँपालिका भित्र खानेपानी सुविधाको पहुँच नभएको गाउँ बस्तीहरुको कुनै पनि घरमा लिफ्ट वा ग्राभेटी मध्ये कुनै पनि श्रोतबाट खानेपानीको पहुँच नभएका घरहरुमा धारा जडान लगायतका कार्यको लागि एकिकृत लागत अनुमान तयार गरी रुरुक्षेत्र एक घर एक धारा कार्यक्रमको लागि लागत अनुमान तयार गरी सोही अनुसार खरिद प्रक्रिया अगाडी बढाउने । |
| ३. | आ.व. २०८२/०८३ को अन्त्यमा सुत्र प्रणालीमा आएको समस्याले योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी हुन नसकेकोले भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको आर्थिक प्रशासन शाखाबाट म.ले.प.फा.नं. २२१ भरी पेश भएकोले भुक्तानी दिन बाँकी दायित्व रकम अ.ल्या. बजेटबाट योजना तथा कार्यक्रमको शिर्षक र बजेट कायम गरी भुक्तानी दिने । |
| ४. | आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि कर्मचारीहरु बीच करार संझौता गरी प्रभावकारी ढंगबाट नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्ने । |
| ५. | चालु आ.व. को नीति तथा कार्यक्रम र बजेट अनुसार नेपालका चारधामहरुका स्थानीय तहहरुबीच भागिनी सम्बन्ध कायम गरी माघ महिनालाई महास्नान महिनाको रुपमा मनाउने कार्यक्रम अनुसार मिति २०८३ मंसिर मसान्तसम्म मुक्ति क्षेत्र, बराह क्षेत्र र पशुपति क्षेत्रका स्थानीय तहहरुलाई पत्राचार गरी भागिनी सम्बन्ध कायम गर्ने । साथै महास्नान कार्यक्रमको व्यापक प्रचार प्रसार लगायतका अन्य कार्यको लागि वडा नं. १ का वडा अध्यक्षलाई जिम्मेवारी दिने । |
| ६. | गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८३ श्रावण १ गते देखी मिति २०८३ पौष मसान्तसम्मको लागि म्याद थप गर्ने । |

| | |
|---|---|
| ७. | क. वडा नं. १ मा निर्माणाधिन १५ शैयाको अस्पतालको म्याद थपको लागि निर्माण व्यवसायी प्राकृतिक पि.टि.आर. अधिकारी राजेश्वरी जे.भी. बाट मिति २०८३/०३/०१ गते देशव्यापी रुपमा क्रसर संचालनमा रोक, नदीजन्य निर्माण सामाग्रीहरुको उत्खनन् अनुमतिमा ढिलाइ, निर्बाचन लगायतको कारण निर्माण कार्यमा ढिलाई भएकोले मिति २०८३ पौष मसान्तसम्म म्याद थप र निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित निबेदन पेश भएकोले अन्तिम पटक सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२०, उपनियम (२) को खण्ड (क) बमोजिम मिति २०८३ श्रावण १ गते देखी मिति २०८३ कार्तिक मसान्तसम्मको लागि म्याद थप गर्ने ।<br>ख. वडा नं. ४ मा निर्माणाधिन औद्योगिक ग्रामको म्याद थपको लागि निर्माण व्यवासायी रोल्पा-श्रृष्टी-माण्डबी जे.भी. बाट मिति २०८३ असार १० गते कार्यालयबाट रनिङ्ग बिलको भुक्तानी समयमा नहुदा निर्माण कार्य समयमा सम्पन्न गर्न समस्या भएकोले म्याद थपको लागि निबेदन प्राप्त भएको, संघिय सरकारबाट औद्योगिक ग्राम निर्माणको लागि समयमा नै रकम प्राप्त नभएकोले कार्यालयले रकम भुक्तानी गर्न नसकेको हुँदा निर्माण कार्यमा ढिलाई भएकोले सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२०, उपनियम (२) को खण्ड (क) बमोजिम मिति २०८३ श्रावण १ गतदेखी २०८४ बैशाख मसान्तसम्मको लागि अन्तिम पटक म्याद थप गर्ने । |
| ८. | चालु आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा प्राकृतिक विपद् बाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनिकरण गरी नागरिकको आवासको सुरक्षा सुनिश्चित गर्न अभिलेखीकरण भएका सुरक्षित निजी आवासको सुरक्षा सुनिश्चित गर्न अभिलेखिकरण भएका सुरक्षित निजी आवासहरुको घर बीमा कार्यक्रम प्राथमिकताका साथ लागु गर्ने नीति अनुसार चालु आ.व. मा घर अभिलेख तथा विमा कार्यक्रमको लागि बजेट विनियोजन भएकोमा गाउँपालिका क्षेत्र भित्रका निजी तथा आवासिय घरहरुको अभिलेख वडा कार्यालयहरुको समन्वयमा पूर्बाधार विकास शाखाबाट तयार गरी अभिलेखिकरण भएका घरहरुको विमा प्रदायक संस्थासँग नियमानुसार संझौता गरी घर नक्सा पास भएका घरहरु र अभिलेखीकरण भएका घरहरुको निःशुल्क घर विमा गर्ने व्यवस्थाको लागि कार्यविधि तर्जुमा गर्ने। |
| ९. | गाउँ सभाबाट विनियोजित देहाय अनुसारको योजनाहरुको श्रोत अ.ल्या बजेटबाट थप कायम गरी लागत अनुमान अनुसार खरिद प्रक्रिया अगाडी बढाउने ।<br>देहायः<br>१.कर्भडहल निर्माण, रुरुक्षेत्र-६<br>२.अचमेश्वर अधुरो सिर्डी निर्माण, वडा नं. २<br>३.बलेटक्सार कभर्डहल अधुरो निर्माण, वडा नं. ४<br>४.बम्घा मालिका दाडसिर पाहागा मोटरबाटो ढलान, रुरु गा.पा. गुल्मी शिर्षकमा विनियोजित |

| | |
|---|---|
| | बजेट रु. २५ लाखमा रु. ५ लाख श्रोत सुनिश्चित गरी रु. ३० लाखको टेण्डर आव्हान गर्ने।<br>५. प्रदेश समपूरक कोष अन्तर्गत विनियोजित बलेटक्सार त्वाँगा लामपाटा बगाउने सडक स्तरोन्नती शिर्षकमा रु. ४० लाख बजेट विनियोजन भएकोमा रु. १० लाख श्रोत सुनिश्चित गरी रु. ५० लाखको टेण्डर आव्हान गर्ने ।<br>६.मागमा आधारित कार्यक्रम शिर्षकमा रु. १५ लाख विनियोजन भएकोमा रु. १० लाख श्रोत सुनिश्चित गरी रु. २५ लाखको खरिद प्रक्रिया अगाडी बढाउने । |
| १०. | रुरुक्षेत्र धाममा गुल्मी, पाल्पा र स्याङ्जा जोड्ने झो.पु. रहेको उक्त झो.पु. मा आकर्षक लाइटीङ्ग सहित सौन्दर्यकरणको लागि बजेट विनियोजन भएकोमा उक्त तिनमुखे झो.पु. र फलाटे-भट्कुवा जोड्ने झो. पु. को बिस्तृत अध्ययन गरी लागत अनुमान अनुसारको खरिद प्रक्रिया अगाडी बढाउने । |
| ११. | श्रृङ्गेश्वर तपोभूमि धाम क्षेत्रमा निर्माण भएको मन्दिरको प्राण प्रतिष्ठा २०८३ माघ २४-२८ गतेसम्म गरी उक्त मन्दिरको समुद्घाटन गर्न श्रृङ्गेश्वर तपोभूमि धाम संरक्षण तथा व्यवस्थापन समितिलाई अनुरोध गर्ने । |
| १२. | मिति २०८३ श्रावण ६ गते बसेको स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको बैठकका निर्णयहरुलाई स्वीकृत गरी सोही अनुसार कार्यान्वयन गर्ने । स्वास्थ्य तर्फ औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिदको लागि गत आ. व. मा तयार गरिएको दररेट लाइ नै आधार मानी चालु आ.व. २०८३/०८४ मा औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्ने ।साथै संघिय सरकार सशर्त अनुदान तर्फ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद शिर्षकमा विनियोजित बजेट रु. १० लाख ६५ हजार र गाउँपालिका चालु तर्फ औषधी खरिद शिर्षकमा विनियोजित बजेट रु. १० लाख गरी जम्मा बजेट रु. २० लाख ६५ हजारमा अ.ल्या रकमबाट रु. २९ लाख ६५ हजार थप गरी रु. ५० लाखको औषधी खरिद प्रक्रिया अगाडी बढाउने । |
| १३. | जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट आ.व. २०८३/८४ को ज्यामी, ज्याला, ढुवानी तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट प्राप्त भएकोले सो दररेट अनुसार गाउँपालिकाले निर्माण कार्य गर्ने । |
| १४. | विपद् व्यवस्थापन कोषबाट देहाय अनुसारको रकम भुक्तानी गर्ने ।<br>क.मिति २०८३ श्रावण ६ गते दिउसो करिब ४ बजे रुरुक्षेत्र-६ निवासी श्री तुल्सा न्यौपानेको गोठमा अचानक आगलागि भएको, सो गोठमा भएका १ भैसी, ३ वटा बाखा, २ वटा कुखुरा मरेको, गोठ पूर्ण रुपमा क्षति हुनुका साथै घरमा पनि क्षति भएको हुँदा आर्थिक सहायताको लागि वडा कार्यालयको सिफारिस, प्रहरी सर्जमिन मुचुल्का, घटना स्थलका फोटा सहित निबेदन पेश भएकोले निजलाई विपद् व्यवस्थापन कोषबाट रु. १ लाख भुक्तानी गर्ने । |

<table>
<tr><td></td><td>ख. मिति २०८३ असार २० गते परेको हावाहुरी सहितको झटेलो र मिति २०८३ श्रावण १ गते देखी परेको अविरल बर्षाको कारणले रुरुक्षेत्र-४ निवासी श्री केशव अधिकारीको घरको दुइवटै पाखा चर्किएर बस्नको लागि जोखिम भएको हुँदा राहत रकम उपलब्धको लागि वडा कार्यालयको सिफारिस, प्रहरी सर्जमिन मुचुल्का, घटना स्थलका फोटा सहित निबेदन पेश भएकोले निजलाई विपद् व्यवस्थापन कोषबाट रु. ५० हजार भुक्तानी गर्ने ।</td></tr>
<tr><td>१५.</td><td>यस गाउँपालिकाको वडा नं. १ रिडि क्षेत्र, वडा नं. २ को रुद्रवेणी र पोखरेबगर क्षेत्र र वडा नं. ५ को उल्लीखोला, छम्दी, बगाउने बगर क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन् तथा संकलन गर्ने कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिबेदनको आधारमा देहाय अनुसार उत्खनन् गर्ने गरी आन्तरिक आयको बोलपत्र आव्हान गर्ने ।<br>देहायः
<table>
<tr><th>क्र.सं.</th><th>उत्खनन् क्षेत्र</th><th>बार्षिक उत्खनन् परिमाण (घन फुट)</th><th>बार्षिक राजस्व संकलन</th></tr>
<tr><td>१.</td><td>बगाउने खोला बगर क्षेत्र</td><td>१,६७,३९३</td><td>१०,०४,३५६</td></tr>
<tr><td>२.</td><td>रुद्रवेनी बगर क्षेत्र</td><td>५,१५,६५०</td><td>३०,९३,९०१</td></tr>
<tr><td>३.</td><td>पोखरेबगर क्षेत्र क र ख</td><td>४,२५,९३२</td><td>२५,५५,५९२</td></tr>
<tr><td>४.</td><td>रिडि बगर क्षेत्र २</td><td>१०,०४,४८९</td><td>६०,२६,९३४</td></tr>
</table></td></tr>
<tr><td>१६.</td><td>यस कार्यालयबाट अतिक्रमण भएको सार्वजनिक जग्गाको विवरण संकलन गर्ने सम्बन्धी सूचना अनुसार कार्यालयमा इमेल तथा विद्युतिय माध्यमबाट र कार्यालयमा पेश भएका निबेदनहरु सम्बन्धमा छलफल गरियो । पेश भएका निबेदनहरुको सत्य तथ्य छानबिन गर्न नापि कार्यालय, गुल्मीबाट अमिन झिकाई उक्त जग्गाहरुको नाप जाँच गर्ने ।</td></tr>
<tr><td>१७.</td><td>नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवाको स्टक प्रमाणितको लागि निबेदन पेश भएकोमा स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिबेदनको आधारमा नियमानुसारको शुल्क लिई स्टक प्रमाणित गरिदिने ।</td></tr>
<tr><td>१८.</td><td>संघीय कार्यक्रम अन्तर्गत कृषि स्नातक करार शिर्षकमा बजेट विनियोजन भएकोले १ जना कृषि अधिकृतको विज्ञापन गरी करार सेवामा पदपूर्ति गर्ने ।</td></tr>
<tr><td>१९.</td><td>कर्मचारीहरुलाई उच्च मनोबलका साथ प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यले ३/३ महिनामा पुरस्कृत गर्ने व्यवस्थाको लागि कार्यविधी तर्जुमा गर्ने ।</td></tr>
</table>